# पञ्चपुरी नगरपालिकामा
# एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७९

कार्यपालिकाबाट निर्णय मिति :२०७९ भाद्र ८

**प्रस्तावना:**

एफ एम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले पञ्चपुरी नगरपालिकाको नगर कार्यपालिकाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७९ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले पञ्चपुरी नगरपालिकाको नगर कार्यपालिका प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले पञ्चपुरी नगरपालिकाको नगर कार्यपालिका उपप्रमुख सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले पञ्चपुरी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले पञ्चपुरी नगरपालिका सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघीय मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "विषयगत शाखा" भन्नाले पञ्चपुरी नगरपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, अन्य शाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ।

(ज) "वडा सचिव" भन्नाले पञ्चपुरी नगरपालिकाको सम्वन्धित वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ।

(झ) "वडा समिति" भन्नाले पञ्चपुरी नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिको सदस्य सम्झनु पर्छ। सो शब्दले नगर कार्यपालिकाको प्रमुख/उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ।

ट) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु वा अन्तरिक्ष स्टेशनवाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ।

ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छ: ( डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु, रेडियो ट्रान्समिटर आदी )

लालवीर भण्डारी
नगर प्रमुख

३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन :

(क) नगरपालिकाभित्र १०० वाट सम्मको एफ एम रेडियोको प्रसारण सम्वन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(ख) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफएम रेडियोहरुको प्रसारण सम्वन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत नगरपालिकाको हुनेछ ।

४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुने :

(क) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस नगरपालिका क्षेत्रभित्र एफएम सञ्चालन गर्न पाउनेछैन ।

(ख) कसैले उपदफा (१) विपरितको कार्य गरेमा दफा २१ बमोजिम जरीवाना गरिनेछ ।

(ग) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालनमा भैरहेका १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनुपर्ने छैन ।

५. इजाजत पत्रको लागि निवेदन दिनु पर्ने :

(क) एफ.एम. रेडियो सञ्चालन इजाजत पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्ने छ ।

(ख) उपदफा (१) बमोजिम दिइने ईजाजतपत्र अनुसूची-२ को ढाँचामा स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ ।

६. निवेदनसाथ संलग्न गर्नुपर्ने:

दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्वन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्वन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर नगर सभाले (तोके अनुरुपको रकम) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण

(घ) एफ.एम. रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजातहरु अनुसूची–१ र नवीकरणको लागि अनुसूची–२ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्ने छ ।

७. इजाजतपत्र दिन सकिने :

(क) नगरपालिकाले दफा (५) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्वन्धमा अनुसुची ५ समेत भरी नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखि पठाउनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम लेखिपठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखिआएमा नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

लालवीर भण्डारी
नगर प्रमुख

CamScanner

(ग) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरु (एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) रेडियो उपकरणहरु (एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची–६, ७ र ८ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्ने छ ।

(ङ) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

**८. इजाजतपत्रको अवधि र नवीकरण दस्तुर:**

(क) एफ.एम. रेडियोको इजाजत पत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ ।

(ख) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नगरसभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची– ३ बमोजिमको ढाँचामा सूचना शाखामा निवेदन दिनु पर्नेछ ।

(ग) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगरपालिकाले इजाजतपत्र दिंदा लाग्ने दस्तुर नगरसभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजत पत्र अनुसुची ४ बमोजिमको ढाँचामा नवीकरण गरी दिन सक्नेछ ।

(घ) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्षभित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा नगर सभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको १वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(ङ).एफ.एम. रेडियो दर्ता तथा नवीकरण शुल्क नगरसभाले तोके बमोजिम हुनेछ ।

**९. दस्तुर तिर्नु पर्ने :**

(क) एफ.एम. रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले नगरपालिकाको नगर सभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्वन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(ग) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्वन्धमा नगरपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(१) विज्ञापनमा रोक लगाउन,

(२) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(३) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

**१०. प्रसारणमा रोक लगाउन सकिने:**

नगरपालिकाले कुनै एफएम रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्वन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको देखिएमा वढीमा ३ महिनाको लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ:

(क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको र त्यसरी मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीन वाट देखिएमा ।

कालवीर भण्डारी
नगर प्रमुख

CamScanner

(ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजत पत्र नलिई अनाधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ। तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ।

**११. इजाजतपत्र रद्द गर्न सकिने:**

तोकिएको शर्त र समयावधि भित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ।

**१२. एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति:**

(१) नगरपालिकामा देहाय बमोजिमको एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहने छ:

| | |
|---|---|
| नगरपालिकाको प्रमुख - | संयोजक |
| नगर उप प्रमुख - | सह संयोजक |
| नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| कार्यपालिकाको सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना- | सदस्य (विषयवस्तुको जानकारी भएको ) |
| सम्वन्धित विषयगत शाखाको शाखा प्रमुख- | सदस्य सचिव |

**१३. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

एफएम रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ:

क) स्थानीय तहमा दर्ता हुन आएका १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गर्ने।

ख) स्थानीय तहमा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरको अनुगमन गर्ने व्यवस्था मिलाउने।

ग) स्थानीय तहमा एफ.एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने।

घ) आवश्यक देखेको अन्य कार्यहरु गर्ने।

**१४. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया:**

(क) एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ

(ख) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ।

**१५. एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरु:**

यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ एम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय वमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछ:

क) एफ .एम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ।

ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ।

ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रशारण गर्नुपर्ने छ।

घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ। साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन।

लालवीर भण्डारी
नगर प्रमुख

CamScanner

ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्थाको सुनिश्चतता गर्नु पर्नेछ।

च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनुपर्ने छ।

छ) यो कार्यविधि लागू हुनु पूर्व सूचना तथा संचार मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजत पत्रहरु यसै कार्यविधि बमोजिम जारी भएको मानिने छ।

(ज) आपतकालीन वा विपद्को समयमा नगरकार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्ने।

झ) युद्ध वा संकटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्नेगरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने छ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनुपर्ने छ।

ट) प्रचलित ऐन कानूनको पूर्णरुपमा परिपालना गर्नुपर्ने छ।

**१६. प्रसारण गर्न नहुने :**

एफ एम रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैनन् :

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने।

(ङ) अदालतको अवहेलना हुने

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू।

(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगरकार्यपालिका तथा नगर सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू।

**१७. कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्ने:**

(क) इजाजत पत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजत पत्र वा अनुमति पत्र पाएको मितिले ३ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ।

(ख) इजाजत पत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(ग) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा स्थानीय तह समक्ष १ महिनासम्मको अवधि थप गर्न सक्नेछ।

(घ) उपदफा (१) वा (३) बमोजिमको अवधि भित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ।

लालबीर भण्डारी
नगर प्रमुख

CamScanner

१८. **विवरण संशोधन गर्न सक्ने:**

(क) कसैले इजाजत पत्रमा उल्लेखित कुनै विवरण संशोधन गर्न चाहेमा नगरसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(ख) उपदफा (१) बमोजिम विवरण संशोधन गर्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नगरकार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ।

१९. **इजाजतपत्रको प्रतिलिपि :**

(क) यस कानून बमोजिम प्राप्त इजाजत पत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ।

(ख) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा नगरपालिकाले ५०० पाँच सय रुपैयाँ दस्तुर लिइ प्रतिलिपी दिनुपर्नेछ।

२०. **विवरण बदल्न सक्ने:**

(क) कसैले इजाजत पत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा नगरसभाले तोके बमोजिमको दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा नगरकार्यपालिका समक्ष निवेदन दिनुपर्ने छ।

(ख) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ।

२१. **नियमन गर्न सक्ने:**

(क) इजाजत पत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्वन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्ने छ। साथै निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजत पत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ।

(ख) उपदफा (क) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिईअनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्ने छ। तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ।

२२. **दण्ड जरीवाना:**

(क) यस कानून विपरित गर्नेलाई कार्यपालिकाले एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा १००० (एक हजार) रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

(ख) उपदफा (१) बमोजिम जरीवाना गर्नुपूर्व त्यस्तो एफ.एम.रेडियो सञ्चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ।

लालवीर भण्डारी
नगर प्रमुख

२३. पुनरावेदन:

कार्यपालिकाले दफा (२१) बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२४. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने:

कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्नुपर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा नगरसभाले गर्नेछ ।

२५. कार्यविधिको व्याख्या तथा संशोधन:

कार्यविधिको संशोधन गर्नुपर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले नगरसभामा पेश गरी संशोधन गर्नुपर्ने छ ।

लालवीर भण्डारी
नगर प्रमुख

## अनुसुचि – १

## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को दफा ५ (क) सँग सम्वन्धित

## स्थानीय तहमा एफ. एम. रेडियो इजाजत पत्र स्वीकृतका लागि दिइने निवेदन

श्री ........................... एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को दफा ३ (ङ) बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजत पत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना -

............ जिल्ला :- .................पालिका कार्यालय वडा नं. :- गाउँ/टोल :-

फोन नं. :- घर नं :- फ्याक्स नं :-

नागरिकता लिएको जिल्ला ठेगाना :- नागरिकता नं:

नागरिकता लिएको मिति :- इमेल:

(ख) अस्थायी ठेगाना - ............. जिल्ला :- ................ पालिका कार्यालय वडा नं. :-

गाउँ/टोल :- फोन नं. :- घर नं :-

फ्याक्स नं :-

नागरिकता लिएको जिल्ला ठेगाना :- नागरिकता नं:

नागरिकता लिएको मिति :- इमेल:

२. संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्र:-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०. प्रसारण सम्वन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौता:-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

लालवीर भण्डारी
नगर प्रमुख

### अनुसूचि – २
### एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को
### दफा ५.(ख) सँग सम्बन्धित
### स्थानीय तहमा एफ. एम. रेडियो इजाजत पत्र

इजाजत पत्र नं.:-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना -

जिल्ला :- नगरपालिका वडा नं. :- गाउँ टोल :-

फोन नं. :-

(ख) अस्थायी ठेगाना -

जिल्ला :- नगरपालिका वडा नं. :- गाउँ/टोल :- फोन नं. :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :-

(ख) बैण्ड :-

(ग) च्यानेल :-

(घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम गठित रोयल्टी सम्बन्धी संस्थाहरुले तोकेको मापदण्डबमोजिम गीत संगीतको सार्वजनिक प्रयोग वापत रोयल्टी बुझाएको निस्सा वा बुझाउन कबुलियत गरिएको सम्झौतापत्र अनिवार्य पेश गर्नुपर्ने ।

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको :-

सही :

मिति :-

नाम :-

दर्जा :-

कार्यालय :-

नगर कार्यपालिकाको कार्यालय
लालबिहीर, भेरी
कर्णाली प्रदेश

## अनुसुचि – ३
## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९को
## दफा (८) सँग सम्वन्धित
## स्थानीय तहमा एफ. एम. रेडियो इजाजत पत्रको नवीकरणको लागि दिइने निवेदन

श्री ............................ मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व..........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

.................
निवेदक

संलग्न कागजात
१) निवेदन
२) सक्कल ईजाजत पत्र
३) भौचर/रसिद

लालबीर भण्डारी
नगर प्रमुख

अनुसुचि – ४

## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९को दफा ८ सँग सम्बन्धित स्थानीय तहमा एफ. एम. रेडियो इजाजत पत्रको नवीकरण

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना - जिल्ला :- नगरपालिका :- वडा नं. :-

गाउँ/ टोल :- फोन नं. :-

(ख) अस्थायी ठेगाना - जिल्ला :- नगरपालिका :- वडा नं. :-

गाउँ/ टोल :- फोन नं. :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फिक्वेन्सी :-

(ख) बैण्ड :-

(ग) च्यानेल :-

(घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम गठित रोयल्टी सम्बन्धी संस्थाहरुले तोकेको मापदण्ड बमोजिम गीत संगीतको सार्वजनिक प्रयोग वापत रोयल्टी बुझाएको निस्सा वा बुझाउन कबुलियत गरिएको सम्झौतापत्र अनिवार्य पेश गर्नुपर्ने ।

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

लालवीर भण्डारी

## नवीकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

लालबीर भण्डारी
नगर प्रमुख

## अनुसूची–५
## एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को
## दफा ७ सँग सम्बन्धित

### स्याटेलाइट रिसिभि सिष्टम ।

### स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्त

श्री ......... स्याटेलाइट रिसिभि सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभि सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरण:-

(क) निर्माताको नाम:-

(ख) मोडेल नं.:-

(ग) सिरियल नं.:-

(घ) साइज र अन्य विवरण:-

(ङ) एण्टेना सम्बन्धी विवरण:-

३. प्रयोग गरिने ठाउँ:-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज / प्रयोग गर्ने फ्रिक्वेन्सी:-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने हो:-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको हो:-

७. प्रयोग:-

(क) व्यक्तिगत:-

(ख) सामुहिक:-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएको:-
(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नाम:-

११. आयात हुने भन्सार कार्यालयको नाम:-

दरखास्तवालाको सही:-

नाम:-

ठेगाना:-

मिति:-

लालबीर भण्डारी
नगर प्रमुख

अनुसूचि –६

## एफ.एम रेडियो (व्यवस्थापन तथा सन्चालन) कार्यविधि, २०७९ को दफा (७) सँग सम्बन्धित

एफ. एम ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्री......................................., देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनकोलागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-
२. प्रयोग गर्ने स्थान :-
३. प्रयोग गरिने फ्रिक्वेन्सी :-
४. प्रयोग गर्ने अनुमानित मिति :-
५. रेडियो यन्त्रको विवरण :-
   (क) निर्माता :-
   (ख) मोडेल नं. :-
   (ग) सिरियल नं. आदि :-
६. स्टेशनको प्रकार :-
७. प्रयोग गरिने प्रणालीको प्रकार :-
८. प्रयोग गरिने समय :-
९. अन्य विवरण:-
   (क)
   (ख)

दरखास्तवालाको सही:-
नाम:-
ठेगाना:-
मिति:-

लालवीर भण्डारी
नगर प्रमुख

अनुसूची – ७

**एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को**
**दफा (७) सँग सम्वन्धित**
**स्याटेलाइट रिसिभ सिष्टमको लाइसेन्सको नमूना**

...का व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्नविवरणको ...टेलाइट रिसिभि· सिष्टम (अर्थ स्टेशन) राख्न तथाप्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

...क्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

...ठेगाना :-

...लाइसेन्स नं. :-

...जडान हुने स्थान :-

...अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एण्टेनाको विवरण :-

...इनपुट फ्रिक्वेन्सी रेन्ज/प्रयोग गरिने फ्रिक्वेन्सी:-

...कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

...प्रयोग :-

(क) व्यक्तिगत:-

(ख) सामूहिक:-

...सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

... लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क) सार्वजनिक सडक, विजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री वाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

... कार्यालयको छाप

...इसेन्स दिने अधिकारीको सही:-

नाम:-

दर्जा:-

मिति-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

०७/८१।८।१५
लालवीर भण्डारी
...प्रमुख

अनुसूची – ८

**एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को**
**दफा (७) सँग सम्बन्धित**

## एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स

...का व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको ...को यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

...क्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

...ठेगाना :-

...लाइसेन्स नं. :-

...प्रयोग गरिने स्थान :-

...प्रयोगको उद्देश्य :-

...प्रयोग गर्ने स्थान :-

...प्रयोग गरिने फ्रिक्वेन्सी :-

...रेडियो यन्त्रको विवरण :-

(क)
(ख)
(ग)
(घ)

...प्रयोग गर्ने मिति :-

... स्टेशनको प्रकार :-

... प्रयोग गरिने प्रणाली :-

... प्रयोग गरिने समय :-

... लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)
(ख)
(ग)

...कार्यालयको छाप :-

...लाइसेन्स दिने अधिकारीको सही:-

नाम:-
दर्जा:-
मिति:-

नविकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

नगर प्रमुख

CamScanner

अनुसूची- ९

**एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को**
**दफा (२०) सँग सम्बन्धित**

...तहमा एफ. एम. रेडियो इजाजत पत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

................ मैले/हामीले मिति ................मा प्राप्त गरेको इजाजत पत्र नं. ..... ...............बमोजिमको विवरण बदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित ...............................समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

................
निवेदक

...चाहेको विवरण
क)
ख)
ग) संलग्न कागजातहरु
१) निवेदन
२) सक्कल ईजाजतपत्र
३) भौचर/रसिद

लालबीर भण्डारी
नगर प्रमुख